# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## पुतलीसडक, काठमाडौं ।

## प्रस्तावित धितोपत्र अभौतिकीकरण कार्य संचालन निर्देशिका, २०८२ सम्बन्धमा जानकारी दिनका लागि आयोजित कार्यक्रम

## प्रेस विज्ञप्ती

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले तयार गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिका लागि पेश गरेको **धितोपत्र अभौतिकीकरण कार्य संचालन निर्देशिका, २०८२** सम्बन्धमा जानकारी गराउनका लागि आज मिति २०८२/११/११ गते होटल हिमालय, कुपण्डोल, ललितपुरमा आयोजित नेपाल सरकार, अर्थमन्त्रालयका प्रतिनिधिहरु, श्री नेपाल धितोपत्र बोर्डका संचालकहरु, श्री नेपाल स्टक एक्सचेन्ज लि. का संचालकहरु, सिडिएससिका संचालक समितिका अध्यक्ष लगायत संचालकहरु, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष, नेपाल उद्योग परिसंघका अध्यक्ष, स्टक ब्रोकर्स एशोसियसन अफ नेपालका अध्यक्ष, लगानीकर्ता संघका अध्यक्ष तथा प्रतिनिधिहरु, विभिन्न मिडियाका पत्रकारहरु लगायत विभिन्न क्षेत्रका विज्ञ तथा लगानीकर्ताहरुलाई आमन्त्रण गरी अभौतिकीकरण कार्य संचालन निर्देशिका, २०८२ सम्बन्धमा जानकारी दिनका लागि आयोजित कार्यक्रम सम्पन्न भयो ।

यस निर्देशिकालाई कार्यान्वयन गर्नु भन्दा अगाडी नेपाल धितोपत्र बोर्डबाट स्वीकृति दिनु पर्ने र स्वीकृति प्राप्त भए पश्चात मात्र लागु गर्न सकिने व्यवस्था धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ र धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ रहेको छ ।

कम्पनीले धितोपत्र सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा छुट्टा छुट्टै रहने व्यवस्थाका साथै सिडिएससि लगायत सम्बन्धित निकायमा दर्ताका लागि पेश गर्दा नै उल्लेख गरे बमोजिम प्रणालीमा पनि व्यवस्था गर्ने गरिएको । यसरी यस निर्देशिका कार्यान्वय भए पश्चात कम्पनीले संस्थापक शेयरलाई सर्वसाधारणमा परिवर्तन गर्न चाहेमा संस्थाको वार्षिक साधारण सभाबाट पारित गरी मिसाउने सम्बन्धमा सार्वजनिक रुपमा नै घोषणा गरी नेपाल धितोपत्र बोर्ड र नेप्सेलाई जानकारी दिई संस्थापक सेयर र सर्वसाधारण सेयरमा मिसाउने स्वघोषणा गरी एउटै ISIN (International Securities Identification Number) मा विधिपूर्वक मिसाउन सक्ने व्यवस्था यस प्रस्तावित निर्देशिकामा रहेको छ । यसरी संस्थापक समूहका शेयरलाई एउटै ISIN मा मिसाउनका लागि कुनै पनि शुल्क लाग्दैन ।

यसरी कुनै पनि सार्वजनिक सूचना जारी नगरी संस्थापक शेयरलाई सर्वसाधारणमा मिसाउने सम्बन्धमा केन्द्रिय निक्षेप सेवा नियमावली २०६७ को नियम ३०(१) अनुसार १५ वर्ष अघि देखि नै निर्देशिका तयार गरी गर्नु पर्नेमा सो नगरेको हुँदा सर्वसाधारण लगानीकर्ता झुक्यानमा पर्ने, CDSC को प्रणाली र कानुनी दस्तावेजमा भएको तथ्यांक नमिल्ने गरेकोले विधिपूर्वक मिसाउनु पर्ने हुन्छ । नेपालको दिगो आर्थिक विकासमा टेवा पुर्‍याउनु हुने आदरणीय संस्थापकज्यूहरुलाई भविष्यमा कानूनी झमेलामा समेत पर्न नदिन र सर्वसाधारणलाई झुक्याएर संस्थापक शेयर बिक्री वितरण गर्न नदिन तथा अन्य विविध नकारात्मक

कार्यहरुलाई रोक्नका लागि संस्थापक सेयरलाई LOCKIN अवधिभर सर्वसाधारण सेयर भन्दा फरक ISIN प्रदान गर्ने र ISIN मिसाउदा समेत पूँजीबजारको आधारभूत सिद्धान्त अनुसार Disclose गरेर मात्र मिसाउने गरी ANNA (Association of National Numbering Agencies) Guidelines 2023, 8th Edition लाई समेत आधार मानी तयार पारिएको ISIN (International Securities Identification Number) निर्देशिका आवश्यक रहेकोले स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको ।

कुनै पनि व्यक्तिले कसैको कानूनी अधिकार हनन गर्नु हुँदैन, कानूनी प्रक्रियामा गई पारदर्शिता तथा स्पष्टता हुनु पर्ने हुँदा प्रबन्धपत्र तथा नियमावली तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोमिजिम साथै नेपाल सरकार अर्थमन्त्रालयको प.सं.०६४/६५, मिति २०६४/१२/०६ गते जारी भएको परिपत्रद्धारा तथा कम्पनी ऐनको दफा ६६, नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्रमा समेत स्पष्ट रुपमा उल्लेख गरिएको व्यवस्था विधि सम्मत रहेको हुँदा यस व्यवस्थालाई कार्यान्वयन गर्न निर्देशिका जारी गर्नु अपरिहार्य रहेका छ । यस निर्देशिकाले CDSC मा भए गरेका कामलाई लिपिबद्ध गरेको छ । कुनै पनि लगानीकर्ताको कानूनी र आर्थिक अधिकार हनन गरेको छैन, सम्पूर्ण सूचीकृत कम्पनीलाई समान व्यवहार गर्ने सुनिश्चिचता प्रदान गरेको छ । संस्थापक सेयरलाई एउटै ISIN देला कि दुईवटा ISIN देला भन्ने त्रासको अन्त्य गरेको छ । सर्वसाधारण र संस्थापक सेयरको लागि एउटै ISIN लिनको लागि जघन्य अपराध गर्नुपर्ने बाध्यताको अन्त्य गरेको छ । पूँजीबजारमा Data Accuracy, Trustworthiness र Integrity बढाउने काममा थप योगदान गरेको छ । तसर्थ नेपाल धितोपत्र बोर्डबाट प्रस्तावित निर्देशिकाको मूल सार (संस्थापक र सर्वसाधारण सेयर लकइन अवधिसम्म छुट्याउने र विधिपूर्वक मिसाउने) नमर्ने गरी थप सुधारात्मक संशोधन भई आएमा नेपालको पूँजीबजारमा अर्थतन्त्रको दिगो आर्थिक विकासको आधारसिला बन्नेछ ।